आज मिति २०८०।०४।२३ गते मंगलबारको दिन यस बाणगङ्गा नगरपालिकाको नगर प्रमुख श्री चक्रपाणी अर्याल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव माथि छलफल गरी निर्णय गर्न निम्नानुसारको उपस्थिती रहेको छ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | संजु कुमार सारू मगर | वडाध्यक्ष १ | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष २ | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष ३ | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष ४ | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष ५ | |
| ८ | करुण टण्डन | वडाध्यक्ष ६ | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष ७ | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष ८ | |
| ११ | कमल पौडेल | वडाध्यक्ष ९ | |
| १२ | यम प्रसाद पोखे्रल | वडाध्यक्ष १० | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष ११ | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रवती थारु | कार्यपालिका सदस्य | |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| १९ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २१ | खिमानन्द भुसाल | सचिव | |

# बाणगङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु ।

खिमानन्द मुसाल
प्रमुख प्रशासकीय अधिकृत

**नगर कार्यपालिकाको आ.व.०८०।८१ को प्रथम बैठक २०८०।०४।२३ बैठक संख्या: २ को प्रस्ताव तथा कार्यसूची,**

प्रस्ताव नं. १.०१ आर्थिक वर्ष २०८०।०८१ को बजेट कार्यान्वयन मार्गदर्शन सम्बन्धमा,

प्रस्ताव नं. १.०२ प्राविधिक कर्मचारी सेवा करारमा पदपूर्ती गर्ने सम्बन्धमा,

प्रस्ताव नं. १.०३ वार्षिक समिक्षा सम्बन्धमा,

प्रस्ताव नं. १.०४ निर्माण सामाग्री र ज्यालाको दररेट सम्बन्धमा,

प्रस्ताव नं. १.०५ बालमैत्री सहजकर्ताहरुको सेवा करार सम्बन्धमा,

प्रस्ताव नं. १.०६ श्रृङ्गिघाट सिंचाई कुलो सफाई गर्दा निस्केको नदीजन्य पदार्थको सम्बन्धमा,

प्रस्ताव नं. १.०७ मर्मत सम्भार सम्बन्धमा,

प्रस्ताव नं. १.०८ कार्यविधि संसोधन सम्बन्धमा,

चक्रपाणी अर्याल
नगर प्रमुख

**प्रस्ताव नं. १.०१**
**आर्थिक वर्ष २०८०।०८१ को बजेट कार्यान्वयन मार्गदर्शन सम्बन्धमा,**
**निर्णय नं. १.०१**
अर्थ मन्त्रालयको च.नं. ०१ मिति:२०८०।०४।०१ को आर्थिक वर्ष २०८०।०८१ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन प्रस्तुत भयो, संघीय सरकारबाट प्राप्त बजेटको कार्यान्वयन गर्दा उक्त मार्गदर्शनमा भएका बुँदाहरुलाई प्राथमिकतामा योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १.०२**
**प्राविधिक कर्मचारी सेवा करारमा पदपूर्ती गर्ने सम्बन्धमा,**
**निर्णय नं. १.०२**
यस कार्यालयको लागि निम्नानुसारको दरबन्दी, कार्यरत कर्मचारी र रिक्त दरबन्दी रहेको,

| सि.नं. | पद | संघीय दरबन्दी | स्थानीय दरबन्दी | पदपूर्ती | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सव ईन्जिनियर | ७ | ७ | ४ | ३ | |
| २ | असिस्टेन्ट सव ईन्जिनियर | ६ | ८ | ६ | ३ | |
| | जम्मा | १३ | १५ | ९ | ६ | |

रिक्त पदहरुमा यस अघि लोकसेवामा माग आपूर्ती फारम भरी पठाउँदा केही पद बढुवाबाट र केही पद खुला प्रतिस्पर्धाबाट गर्दा समयमै सबै पदपूर्ती हुन नसकेको र हाल प्रदेश लोकसेवा आयोगबाट २ जना असिस्टेन्ट सब ईन्जिनियर छिट्टै सिफारिस भई आउने देखिएको र १ जना अगाडी देखि ज्यालादारीमा कार्यरत रहँदै आएकोले हाललाई सव ईन्जिनियर ३ जना पदपूर्तीको लागि प्रकृया अगाडी बढाउने निर्णय गरियो।

**प्रस्ताव नं. १.०३**
**वार्षिक समिक्षा सम्वन्धमा,**
**निर्णय नं. १.०३**
यस कार्यालयको आर्थिक वर्ष २०७९।०८० को वार्षिक समिक्षा २०८० भदौ ८ र ११ गते विहान ११:०० बजे सञ्चालन गर्ने र उक्त समिक्षाको लागि सबै शाखाहरुले आफ्नो प्रस्तुतिकरण ८ गते कार्यालयमा पेश गर्ने गरी तयारी अवस्थामा रहन सबैलाई जानकारी गराउने निर्णय गरियो।

**प्रस्ताव नं. १.०४**
**निर्माण सामाग्री र ज्यालाको दररेट सम्बन्धमा,**
**निर्णय नं. १.०४**
यस बाणगङ्गा नगरपालिका भित्र गरिने सबै निर्माण कार्य तथा परामर्शमा प्रयोग हुने सामाग्री एवं जनशक्तिको दररेट कायम गर्दा जिल्ला दररेटमा उल्लेखित दररेटलाई आधार मान्ने र उक्त दररेटमा उल्लेख नभएको विषयमा छिमेकी जिल्ला एवं प्रचलित बजार भाउ बमोजिम आधार मान्ने निर्णय गरियो।

**प्रस्ताव नं. १.०५**
**बालमैत्री सहजकर्ताहरुको सेवा करार सम्बन्धमा,**
**निर्णय नं. १.०५**
बालमैत्री स्थानीय शासन कार्यक्रमको घोषणा पश्चात थप भएका नयाँ सूचकहरुको पूर्णता दिन र पुराना सूचकहरुको निरन्तरताका लागि नगरमा गत आर्थिक वर्षदेखि कार्यरत रहेका बालमैत्री सहजकर्ताहरुलाई दैनिक १०:०० बजे देखि

शिवानन्द भुसाल
प्रमुख प्रशासकीय अधिकृत

चक्रपाणी अर्याल
नगर प्रमुख

११:०० बजेसम्म कार्यालय हाजिर गरी काम गर्ने र ११:०० बजेदेखि २:०० सम्म फिल्डमा मा रही शिक्षा युवा तथा खेलकुद शाखा तथा महिला बालबालिका शाखाको समन्वयमा जम्मा दैनिक ४ घण्टा काम गर्ने गरी रु.१०,०००/– मासिक पाउने गरी सेवा करारमा निरन्तरता दिने निर्णय गरियो।

खिमानन्द भुसाल
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. १.०६**
**श्रृङ्गिघाट सिंचाई कुलो सफाई गर्दा निस्केको नदीजन्य पदार्थको सम्बन्धमा,**
**निर्णय नं. १.०६**

श्रृङ्गीघाट सिंचाई नहर सफा गर्दा निस्केको ढुङ्गा, गिट्टी, बालुवा नहर किनारमा थुपारी राखिएकोमा र प्राविधिकबाट परिमाण नापजाँच गर्दा ४९७०.८२ घन मिटर देखिन आएको र उक्त परिमाण प्रचलित बजार मुल्य, संकलन लागत तथा प्रदेश सरकारको नदीजन्य पदार्थको न्यूनतम अंक प्रति क्यू.फि. मूल्यको आधारलाई दृष्टिगत गरी न्यूनतम मूल्य प्रति क्यू.फि. रु.१६ राख्दा आउने अंक रु.२८,०५,९३०/– (मूल्य अभिवृद्धि कर बाहेक) लाई न्यूनतम मूल्य मानी बोलपत्र बढावढको ३० दिने सूचना जारी गरी बिक्रि प्रकृया अगाडी बढाउने निर्णय गरियो।

**प्रस्ताव नं. १.०७**
**मर्मत सम्भार सम्बन्धमा,**
**निर्णय नं. १.०७**

वर्षादको समय र चाडपर्वको समयमा आवतजावतमा सहज बनाउन सडक मर्मत सम्भारको लागि आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विनियोजन गरिएको रकम मध्येबाट हाललाई रु २० लाख रकम सम्बन्धित वडाको गत आर्थिक वर्षको राजस्व, भुगोल भौगोलिक विकटता र जनसंख्याको आधारमा निम्नानुसार बजेट खण्डिकरण गरी वितरण गर्ने निर्णय गरियो।

मर्मत संभार बजेट रु.२०,००,०००।-

| वडा नं. | क्षेत्रफल भार | | जनसंख्या भार | | भौगोलिक विकटता भार | | आन्तरीक आय भार | | कूल प्राप्तांक | बजेट शुत्रानुसार |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | २० | | ६० | | १० | | १० | | | |
| | मापन अंक (बर्ग कि.मी.) | प्राप्तांक | मापन अंक (जनसंख्या) | प्राप्तांक | मापन अंक (विकटता) | प्राप्तांक | मापन अंक (राजस्व) | प्राप्तांक | | |
| १ | ५.७७ | ०.४९ | ८५४४ | ५.३० | १ | ०.५६ | २८०३ | १.१० | ७.४५ | १४८९०० |
| २ | ३०.१९ | २.५९ | १०३७० | ६.४३ | १ | ०.५६ | २६३८ | १.०३ | १०.६१ | २१२२०० |
| ३ | १०.१७ | ०.८७ | ६७८१ | ४.२१ | २ | १.११ | १५५५ | ०.६१ | ६.८ | १३५९०० |
| ४ | १०.४३ | ०.८९ | १०४२२ | ६.४७ | १ | ०.५६ | ३६३४ | १.४२ | ९.३४ | १८६७०० |
| ५ | [illegible] | ०.८८ | ६५९३ | ४.०९ | २ | १.११ | १६१४ | ०.६३ | ६.७२ | १३४३०० |
| ६ | ८.२१ | ०.७० | ५६०८ | ३.४८ | २ | १.११ | १४६३ | ०.५७ | ५.८७ | ११७३०० |
| ७ | ७.०३ | ०.६० | ७७८० | ४.८३ | १ | ०.५६ | २२२२ | ०.८७ | ६.८५ | १३७००० |
| ८ | ३४.९१ | २.९९ | १३२४३ | ८.२२ | १ | ०.५६ | ३६३१ | १.४२ | १३.१९ | २६३७०० |
| ९ | ६१.१३ | ५.२४ | ६७६२ | ४.२० | २ | १.११ | १७९० | ०.७० | ११.२५ | २२४९०० |
| १० | ३६.४३ | ३.१२ | १००२४ | ६.२२ | ३ | १.६७ | १३९७ | ०.५५ | ११.५६ | २३११०० |
| ११ | १८.६८ | १.६० | १०५८७ | ६.५७ | २ | १.११ | २७९२ | १.०९ | १०.३७ | २०७४०० |
| | २३३.२५ | २० | ९६७१४ | ६० | १८ | १० | २५५३९ | १० | १०० | १९९९४०० |

**प्रस्ताव नं. १.०८**
**कार्यविधि संसोधन सम्बन्धमा,**
**निर्णय नं. १.०८**

बाणगङ्गा नगरपालिकाको स्वास्थ्य संस्था स्थापना, सञ्चालन, स्तरोन्नती तथा सरसफाई मापदण्ड सम्बन्धी कार्यविधि, २०७७ संसोधन गर्ने र मापदण्डमा साविकको को परिच्छेद-९ को दफा २८ को (छ) पछि (ज) थप गरी प्राकृतिक चिकित्सा स्वास्थ्य सेवा स्थापना तथा सञ्चालन मापदण्ड र प्रकृतिकि चिकित्सा अस्पताल पूर्वाधार कायम गर्ने निर्णय गरियो।

चक्रपाणी अर्याल
नगर प्रमुख